**बैठक संख्या : ६४** **स्थान : राप्ती नगरपालिका**

**मिती : २०७६।०९।१६ गते समय : साझ ४ : ०० बजे**

यस राप्ती नगरपालिका , नगर कार्यपालिकाको प्रमुख श्री प्रभा बराल (पौडेल) ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**उपस्थिति**

नगरप्रमुख श्री प्रभा बराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमशेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा नं. ११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

प्रमुख प्रशासकीय अधिकृत श्री मिठाराम हुमागाई सदस्य सचिव

आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत श्री गोपाल तिवारी

**बैंठक संख्या : ६४ मिती : २०७६।०९।१६ गते समय : साझ ४ : ०० बजे**

**प्रस्तावहरु**

१. जिल्ला समन्वय समितिमा रकम माग सम्बन्धमा ।
२. भ्रमण वर्ष २०२० सम्बन्धमा ।
३. झोलुङ्गे पुल निर्माण सम्बन्धमा ।
४. भण्डारा अस्पताल निर्माण गर्ने सम्बन्धमा ।
५. एकिकृत बस्तीको DPR तयारी गर्ने सम्बन्धमा ।
६. शिक्षा तथा स्वास्थ्य समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।
७. ३० लाख भन्दा बढी र भवन जस्ता संरचनाको कार्यान्वयन प्रक्रिया सम्बन्धमा ।
८. कृषी अधिकृत सेवा करारमा राख्ने सम्बन्धमा ।
९. एकिकृत बस्ती विकास सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा जिल्ला समन्वय समितिको मिति २०७६।०८।२६ को पत्रानुसार राप्ती नगरपालिका भित्रका तपसिलका योजनामा नियमानुसार लागत सहभागिता यस नगरपालिकाबाट राख्ने गरि मौज्दात कोषबाट संचालन हुने गरि योजना माग गर्ने निर्णय गरियो ।

| क्र सं. | योजनाको नाम | अनुमानित लागत |
|---|---|---|
| १ | राप्ती नगरपालिका भवन | रु २ करोड |
| २ | २ नं. वडा कार्यालय भवन निर्माण | रु ५० लाख |
| ३ | ४ नं. वडा कार्यालय भवन निर्माण | रु २५ लाख |
| ५ | ६ नं. वडा कार्यालय भवन निर्माण | रु ५० लाख |
| ६ | ७ नं. वडा कार्यालय कम्पाउण्ड निर्माण | रु १० लाख |
| ७ | ८ नं. वडा कार्यालय भवन निर्माण | रु ५० लाख |
| ८ | ९ नं. वडा कार्यालय भवन निर्माण | रु ५० लाख |
| ९ | १० नं. वडा कार्यालय भवन निर्माण | रु ३० लाख |
| १० | ११ नं. वडा कार्यालय भवन निर्माण | रु ५० लाख |
| ११ | १२ नं. वडा कार्यालय भवन निर्माण | रु ५० लाख |
| १२ | १३ नं. वडा कार्यालय भवन निर्माण | रु ५० लाख |
| १३ | १ नं. वडा कार्यालय भवन निर्माण | रु ५० लाख |
| १४ | ३ नं. वडा कार्यालय भवन निर्माण | रु ५० लाख |
| १५ | अमृती खानेपानी योजना राप्ती- ७ | रु ३० लाख |
| १६ | योर्ती ल्वेतेस खानेपानी योजना राप्ती - १२ | रु १५ लाख |
| १७ | वैध्यपानी परेवाकोट पर्यटन मार्ग राप्ती - १ | रु ५० लाख |
| १८ | डुम्रेखाडी खानेपानी योजना राप्ती - ११ | रु २० लाख |
| १९ | सांस्कृतिक संग्राहालय भ्यूटावर निर्माण राप्ती-७ | रु ३० लाख |
| २० | चेपाङ संग्राहालय राप्ती - १० | रु २० लाख |
| २१ | धमिली परेवाकोट सडक निर्माण राप्ती१-३ | रु २५ लाख |
| २२ | फासराङ खानेपानी योजना राप्ती-१२ | रु २० लाख |
| २३ | खिराटार खानेपानी योजना राप्ती - १० | रु २५ लाख |
| २४ | खहरे सामुदायिक स्वास्थ्य केन्द्र राप्ती - १० | रु ५० लाख |
| २५ | आयूर्वेद औषधालय भवन निर्माण राप्ती – ७ बजेट माग गर्ने | रु ५० लाख |

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा नेपाल भ्रमण वर्ष २०२० को अवसरमा यस राप्ती नगरपालिकाबाट विविध कार्यक्रम शिर्षकबाट खर्च हुने गरी रु ७०००००। अक्षेरुपी सात लाख विनियोजन गरी भ्रमण वर्ष 2020 सफल बनाउन विभिन्न कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा प्रस्ताव नं. ३ माथि छलफल गर्दा राप्ती नगरपालिका भित्र पर्ने र DPR तयार भएका ४ वटा झोलुङ्गे पुलहरु मध्ये चालु आ.व. मा प्राप्त ५० लाख मध्येबाट देहायका झोलुङ्गे पुलहरुको निर्माण कार्य अघि बढाउने निर्णय गरियो ।

थामटार झोलुङ्गे पुल राप्ती – १०

वागीराङ झोलुङ्गे पुल राप्ती - १२

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा भण्डारा अस्पतालको भवन निर्माणका लागि नेपाल सरकार, अर्थ मन्त्रालयबाट प्राप्त रु २ करोडबाट अस्पतालको DPR बमोजिम भवन निर्माण गर्नका लागि बोलपत्र आव्हान गर्ने र सोको लागि आएका शर्त नगरपलिकाले पुरा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस राप्ती नगरपालिका भित्रका विभिन्न स्थानहरुमा (शिखर आ.वि.को जग्गार नहर विभागको जग्गामा) २०५० सालको भिषण बाढीबाट विस्थापित परिवारहरु लामो समय देखि अव्यवस्थित तरीकाले बसोबास गरी रहेको हुँदा सो अव्यवस्थित बस्तीहरुलाई एकिकृत नमुना बस्तीको रुपमा व्यवस्थापन गर्न आवश्यक छ र सोको लागि उत्तरखण्ड मार्गको उत्तरपट्टीको क्षेत्रमा नमुना एकिकृत बस्ती व्यवस्थापन गर्नको लागि DPR तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा देहायका २ वटा समितिले गरेको तपसिल अनुसारको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

क. मिति २०७६ मंसीर २९ गतेका दिन बसेको नगर स्तरीय स्वास्थ्य समन्वय समितिको निर्णय

१. नयाँ आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माणको जग्गा व्यवस्था सम्बन्धमा स्थानीय तहमा आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा संचालन सम्बन्धी कार्यविधि २०७५ प्रथम संशोधन २०७६ अनुसार स्वास्थ्य संस्था नरहेका स्थानीय तहका वडाहरुमा स्थानीय तहसँग लागत सहभागितामा न्यूनतम एक स्वास्थ्य संस्था स्थापना गरी आधारभुत स्वास्थ्य सेवा प्रदान गर्ने उदेश्य रहेकोले राप्ती नगरपालिका वडा नं. २, ४, ६, ७, ८ र ११ मा आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण गर्न जग्गाको आवश्यक पर्ने हुनाले सम्बन्धित वडाहरुले कार्यविधिको अधिनमा आवश्यक प्रक्रिया पुर्याएरई जग्गा व्यवस्था गरिएको जानकारी राप्ती नगरपालिकालाई दिने र राप्ती नगरपालिका वडा नं. १ आधारभुत स्वास्थ्य केन्द्र निर्माण गर्नको लागि केन्द्रबाट प्राप्त सूचीमा नाम छुट भएको देखिएकोले उक्त वडामा पनि नयाँ भवन निर्माणको लागि सम्बन्धित निकायलाई अनुरोध गर्ने र प्राप्त सूचीमा वडा नं. ८ हुनुपर्नेमा वडा नं. ९ भएकोले संशोधनको माग गर्ने ।

२. राप्ती नगरपालिका नगर स्वास्थ्य समन्वय समितिमा बाँकी वडाका सवै वडा अध्यक्षहरु र राप्ती नगर सामाजिक विकास समितिका संयोजकलाई सदस्यको रुपमा रहने गरी कार्य समितिमा सदस्य थप गर्ने ।

३. मौजुदा स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति पुनर्गठनको लागि राप्ती नगरपालिका अन्तर्गतका स्वास्थ्य चौकीहरु सामुदायिक स्वास्थ्य समिति निर्देशिका २०७६ को अधिनमा रही निर्देशकामा व्यवस्था भए बमोजिम हुने गरी स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको पुनर्गठन गरी यथासिघ्र राप्ती नगरपालिका स्वास्थ्य शाखालाई जानकारी दिने ।

४. राप्ती नगरपालिका अन्तर्गत रहेका सवै स्वास्थ्य संस्थाहरुले बातावरणीय सरसफाईमा ध्यान दिई आफ्नो संस्थालाई सुग्घर सफा राख्नुको साथै संस्थाको हातामा विभिन्न जातजातिका फुल विरुवाहरु लगाई आकर्षक फुलवारी निर्माण गरी बातावरणीय स्वाच्छता, सुन्दर, हरावरा र आकर्षक बनाउने तर्फ आवश्यक पहल गर्ने ।

ख. मिति २०७६ मंसिर २९ गते राप्ती नगरपालिका, नगर शिक्षा समितिको निर्णय

१. शिक्षा युवा तथा खेलकुद शाखाबाट तयारी गरी पेश गरिएको शिक्षक सरुवा सम्बन्धी कार्यविधि २०७६ आवश्यक परिमार्जन सहित स्वीकृतका लागि नगर कार्यपालिकाको बैठकमा पेश गर्ने ।
२. संस्थागत विद्यालयहरुको स्तरीकरणका लागी कार्यविधि तयार गरी पेश गर्न गठन भएका कार्यदलबाट पेश गरेको संस्थागत विद्यालय स्तरीकरण कार्यविधि २०७६ को बैंठकमा भएका छलफलबाट परिमार्जन गर्न सुझाव आए बमोजिम आवश्यक परिमार्जन गरी स्वीकृतीको लागि कार्यपालिकामा पेश गर्ने ।
३. नगर शिक्षा समितिको मिति २०७६।०८।०३ गतेको बैठकको निर्णयबाट मिति २०७६ पौष २७,२८ र २९ गते संचालन गरिने राष्ट्रपति रनिङसिल्ड खेलकुद प्रतियोगिता संचालन तथा व्यवस्थापन गर्न निम्नानुसारको उप समिति गठन गर्ने ।
   संयोजक सानुबाबु बर्तौला
   सदस्य : दिपक सानुमगर
   सदस्य : लुकराज तमाङ
   सदस्य : गणेश चौधरी
   सदस्य : राम प्रसाद चौधरी
   सदस्य सचिव : सोमनाथ तिवारी (स्रोत व्यक्ति शिक्षा शाखा)

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा ३० लाख भन्दा बढी र भवन जस्ता संरचनाको कार्यान्वयन प्रक्रिया सम्बन्धमा भौतिक पूर्वाधार विकास समितिको तत्काल बैंठक बसी सोबाट प्राप्त सिफारिसका आधारमा आवश्यक निर्णय गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा विगत लामो समय देखि राप्ती नगरपालिकामा रहेको कृषी शाखामा कृषि अधिकृतको पद १ (एक) रिक्त हुन गई दैनिक कार्य सम्पादनमा समस्या रहेकोले उक्त पदमा नगरपालिकाले करारमा नियुक्ति गर्नका लागि आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा माथि छलफल गर्दा विकास प्राप्त गर्न र पुर्या उन कठिन ठहरियका स्थानहरु खास गरि चेपाङ जाति र तामाङ जातिका मानिसहरुको बसोबास रहेको स्थान अधिकांश पहाडी भुभाग रहेको धेरै जसो भूभाग बन जंगलको जग्गा रहेको, ऐलानी जग्गा बढी भएको र सिमित व्यक्तिहरुसँग मात्र जग्गा धनी प्रमाण पूर्जा रहेको कारणले आफ्नो नाममा जग्गा खरिद गरि नगर कार्यपालिकाको मिति २०७५।११।१२ को निर्णय समेतको आधारमा तपसिलका स्थानमा एकिकृत बस्ती विकास गर्न प्रदेश सरकार मार्फत राष्ट्रिय योजना आयोगमा प्रस्ताव पठाउने निर्णय गरियो ।

**तपसिल**

१. कालीटार राप्ती – १३
२. चार किल्ला,चौघारा राप्ती – १०
३. थाकलटार, जिम्लिङ, वरिनटार राप्ती – ११
४. नौलापुर नुन्थली चात्राङ राप्ती -१२